पत्रोत्तरमा पत्र संख्या मिति उल्लेखित हुन अपेक्षित छ ।

नेपाल सरकार

# वन तथा वातावरण मन्त्रालय

EX: पो.ब.नं. :३९८७
सिहंदरबार, काठमाण्डौ

योजना, अनुगमन तथा समन्वय महाशाखा

पत्र संख्याः- नीति/०७५।७६
चलानी नं.:- ३६६
प्राप्त पत्र संख्या र मितिः-

मिति २०७५।०८।१२

श्री वन तथा भू-संरक्षण विभाग, बबरमहल।
श्री राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, सुदूरपश्चिम प्रदेश, धनगढी।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, कर्णाली प्रदेश, सुर्खेत।
श्री उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ५, वुटवल।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. ३, हेटौडा।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. २, जनकपुर।
श्री उद्योग, पर्यटन वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगर।

विषय : <u>निर्णय कार्यान्वयन सम्बन्धमा ।</u>

प्रस्तुत विषयमा "वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका (तेस्रो संशोधन), २०७५" नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७५।८।३ को निर्णयबाट स्वीकृत भएको व्यहोरा अनुरोध छ। साथै सोही निर्देशिकाको दफा ७ को खण्ड (ग) मा भएको डिभिजन वन कार्यालयहरु र राहत माग गर्ने सम्बन्धित संरक्षित क्षेत्र कार्यालयहरु वन तथा वातावरण मन्त्रालयले तोके बमोजिम हुने व्यवस्था अनुसार नेपाल सरकार (माननीय मन्त्रीस्तर) को मिति २०७५।०८।१० को निर्णय अनुसार तोकिएको हुँदा उक्त संशोधित निर्देशिका र निर्णय यसैसाथ संलग्न भए बमोजिम कार्यान्वयन हुन निर्णयानुसार अनुरोध छ।

२०७५।८।१२
श्रद्धा सिग्देल
स. वन अधिकृत

**<u>बोधार्थः</u>**

श्री सूचना अधिकारी, वन तथा वातावरण मन्त्रालय।

# <u>वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग (तेस्रो संशोधन) निर्देशिका, २०७५</u>

**<u>प्रस्तावना</u>** : वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भ</u>** : (१) यस निर्देशिकाको नाम "वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग (तेस्रो संशोधन) निर्देशिका, २०७५" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **<u>वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ को प्रस्तावनामा संशोधन</u>** : वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका, २०६९ (यसपछि "मूल निर्देशिका" भनिएको) को प्रस्तावनामा रहेको "वन तथा भू-संरक्षण मन्त्रालयले" भन्ने शब्दहरुको सट्टा "नेपाल सरकारले" भन्ने शब्दहरु राखिएका छन् ।

३. **<u>मूल निर्देशिकाको दफा २ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा २ को खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) "संरक्षित क्षेत्र कार्यालय" भन्नाले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष, शिकार आरक्ष र संरक्षण क्षेत्र कार्यालयलाई जनाउँछ ।"

४. **<u>मूल निर्देशिकाको दफा ५ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा ५ को खण्ड (क) को उपखण्ड (आ) पछि देहायको प्रतिबन्धात्मक वाक्यांश थपिएको छ :-

"तर वन्यजन्तुबाट घाइते हुनेलाई औषधोपचार गर्दा दुई लाख भन्दा बढी खर्च लाग्ने अवस्था भएमा नजिकको जुनसुकै अस्पतालमा आकस्मिक (ईमरजेन्सी) उपचार गराउँदा लागेको खर्च र तत्पश्चात सरकारी अस्पतालमा उपचार गराउँदा लाग्ने सम्पूर्ण खर्च त्यस्तो अस्पतालको सिफारिसमा नेपाल सरकारले व्यहोर्ने छ ।"

५. **<u>मूल निर्देशिकाको दफा ६ मा संशोधन</u>** : मूल निर्देशिकाको दफा ६ को खण्ड (ख) को,-

(१) उपखण्ड (अ) मा रहेका "संरक्षित क्षेत्रका कार्यालय" भन्ने शब्दहरुको सट्टा "संरक्षित क्षेत्र कार्यालयको" भन्ने शब्दहरु राखिएका छन् ।

(२) उपखण्ड (ई) को सट्टा देहायको उपखण्ड (ई) राखिएको छ :-

"(ई) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको निर्वाचित प्रतिनिधि वा प्रमुख प्रशासकीय अधिकृत -सदस्य"

(३) उपखण्ड (उ) को सट्टा देहायको उपखण्ड (उ) राखिएको छ :-

निर्णय : नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति ०७५।८।१३ मा स्वीकृत ।

"(उ) उपलब्ध भएमा कृषि ज्ञान केन्द्र वा भेटनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको प्रतिनिधि (क्षतिको किसिम अनुसार) -सदस्य"

६. <u>मूल निर्देशिकाको दफा ७ मा संशोधन</u> : मूल निर्देशिकाको दफा ७ को,-

(१) खण्ड (क) मा रहेका "संरक्षित क्षेत्र" भन्ने शब्दहरु पछि "कार्यालय" भन्ने शब्द थपिएको छ।

(२) खण्ड (ख) को सट्टा देहायको खण्ड (ख) राखिएको छ :-

"(ख) खण्ड (क) बमोजिमको निवेदन सम्बन्धित संरक्षित क्षेत्र कार्यालयमा पेश भएको र सो सम्बन्धमा राहत वितरण सिफारिस समितिले राहत उपलब्ध गराउने निर्णय गरेको अवस्थामा संरक्षित क्षेत्र कार्यालयले कम्तीमा दुई जना माथवर साक्षीको रोहवरमा पीडित वा हकवालालाई राहत रकम भुक्तानीको व्यवस्था गर्नु पर्नेछ ।"

(३) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) खण्ड (क) बमोजिमको निवेदन डिभिजन वन कार्यालयमा पेश भएको र सो सम्बन्धमा राहत वितरण सिफारिस समितिले राहत उपलब्ध गराउने निर्णय गरेको अवस्थामा डिभिजन वन कार्यालयले वन तथा वातावरण मन्त्रालयले तोके बमोजिमको संरक्षित क्षेत्र कार्यालयमा त्यस्तो राहत रकम माग गर्नु पर्नेछ । यसरी प्राप्त राहत रकम डिभिजन वन कार्यालयले कम्तीमा दुई जना माथवर साक्षीको रोहवरमा पीडित वा हकवालालाई राहत रकम भुक्तानीको व्यवस्था गर्नु पर्नेछ ।"

७. <u>मूल निर्देशिकाको दफा ८ मा संशोधन</u> : मूल निर्देशिकाको दफा ८ को,-

(१) खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छः

"(क) दफा ७ बमोजिम राहत रकम वितरण गरेपछि सोको विवरण राहत वितरण गर्ने कार्यालयले पीडित व्यक्तिको स्थायी ठेगाना भएको गाउँपालिका वा नगरपालिकाको कार्यालय र राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागमा पठाउनु पर्नेछ ।"

(२) खण्ड (ख) मा रहेको "वन विभाग" भन्ने शब्दहरु झिकिएका छन् ।

(३) खण्ड (ग) मा रहेको "क्षेत्रीय वन निर्देशकले" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित प्रमुख संरक्षण अधिकृत/संरक्षण अधिकृतले" भन्ने शब्दहरु र "दश प्रतिशतलाई" भन्ने शब्दहरुको सट्टा "दश प्रतिशत व्यक्तिलाई" भन्ने शब्दहरु राखी "वन विभाग र" भन्ने शब्दहरु झिकिएका छन् ।

(४) खण्ड (ग) पछि देहायको खण्ड (घ) थपिएको छ :-

"(घ) खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए तापनि संरक्षित क्षेत्र कार्यालयले राहत वितरण गरेकोमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले अनुगमनको व्यवस्था मिलाउन सक्नेछ ।"

८. <u>मूल निर्देशिकामा दफा ९क. थप</u> : मूल निर्देशिकाको दफा ९ पछि देहायको दफा ९क. थपिएको छ :-

"९क. <u>प्रचलित कानून बमोजिम हुने</u> : वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग सम्बन्धमा प्रचलित कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र अन्य विषयमा यस निर्देशिका बमोजिम हुनेछ ।"

९. <u>रुपान्तर</u> : मूल निर्देशिकाको ठाउँ ठाउँमा रहेका देहायका शब्दहरुको सट्टा देहायका शब्दहरु राखी रुपान्तर गरिएको छ :-

(क) "गाउँ विकास समिति" को सट्टा "गाउँपालिका",

(ख) "जिल्ला वन कार्यालय" को सट्टा "डिभिजन वन कार्यालय",

(ग) "जिल्ला वन अधिकृत" को सट्टा "डिभिजनल वन अधिकृत",

(घ) "वन तथा भू-संरक्षण मन्त्रालय" को सट्टा "वन तथा वातावरण मन्त्रालय" र

(ङ) "क्षेत्रीय वन निर्देशनालय" को सट्टा "संरक्षित क्षेत्र कार्यालय" ।

**वन्यजन्तुबाट हुने क्षतिको राहत सहयोग निर्देशिका (तेस्रो संशोधन), २०७५ को दफा ७ को खण्ड (ग) अनुसार डिभिजन वन कार्यालयले सम्बन्धित संरक्षित क्षेत्र कार्यालयमा राहत माग गर्न वन तथा वातावरण मन्त्रालयबाट निम्न बमोजिम तोकिएको**

| क्र.सं. | डिभिजन वन कार्यालय | संरक्षित क्षेत्र कार्यालयको नाम |
|---|---|---|
| १ | डिभिजन वन कार्यालय, पाँचथर | कञ्चनजंघा संरक्षण क्षेत्र |
| २ | डिभिजन वन कार्यालय, ताप्लेजुङ | |
| ३ | डिभिजन वन कार्यालय, झापा | कोशीटप्पु वन्यजन्तु आरक्ष |
| ४ | डिभिजन वन कार्यालय, इलाम | |
| ५ | डिभिजन वन कार्यालय, मोरङ्ग | |
| ६ | डिभिजन वन कार्यालय, सनसरी | |
| ७ | डिभिजन वन कार्यालय, धनकुटा | |
| ८ | डिभिजन वन कार्यालय, तेह्रथुम | |
| ९ | डिभिजन वन कार्यालय, ससरी | |
| १० | डिभिजन वन कार्यालय, सिराहा | |
| ११ | डिभिजन वन कार्यालय, उदयपुर | |
| १२ | डिभिजन वन कार्यालय, त्रिवेणी | |
| १३ | डिभिजन वन कार्यालय, भोजपुर | मकालुबरुण राष्ट्रिय निकुञ्ज |
| १४ | डिभिजन वन कार्यालय,संखुवासभा | |
| १५ | डिभिजन वन कार्यालय, खोटाङ | |
| १६ | डिभिजन वन कार्यालय, ओखलढुङ्गा | |
| १७ | डिभिजन वन कार्यालय, सोलुखुम्बु | सगरमाथा राष्ट्रिय निकुञ्ज |
| १८ | डिभिजन वन कार्यालय, रामेछाप | गौरीशंकर संरक्षण क्षेत्र |
| १९ | डिभिजन वन कार्यालय, दोलखा | |
| २० | डिभिजन वन कार्यालय, काठमाडौं | शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्ज |
| २१ | डिभिजन वन कार्यालय, ललितपुर | |
| २२ | डिभिजन वन कार्यालय, भक्तपुर | |

| | | |
|---|---|---|
| २३ | डिभिजन वन कार्यालय, काभ्रेपलाञ्चोक | |
| २४ | डिभिजन वन कार्यालय, सिन्धुपाल्चोक | |
| २५ | डिभिजन वन कार्यालय, नुवाकोट | लामटाङ्ग राष्ट्रिय निकुञ्ज |
| २६ | डिभिजन वन कार्यालय, रसुवा | |
| २७ | डिभिजन वन कार्यालय, धनुषा | |
| २८ | डिभिजन वन कार्यालय, महोत्तरी | |
| २९ | डिभिजन वन कार्यालय, सर्लाही | |
| ३० | डिभिजन वन कार्यालय, सिन्धुली | |
| ३१ | डिभिजन वन कार्यालय, मरिन | पर्सा राष्ट्रिय निकुञ्ज |
| ३२ | डिभिजन वन कार्यालय, रौतहत | |
| ३३ | डिभिजन वन कार्यालय, बारा | |
| ३४ | डिभिजन वन कार्यालय, पर्सा | |
| ३५ | डिभिजन वन कार्यालय, मकवानपुर | |
| ३६ | डिभिजन वन कार्यालय, रासी | |
| ३७ | डिभिजन वन कार्यालय, चितवन | |
| ३८ | डिभिजन वन कार्यालय, नवलपरासी | |
| ३९ | डिभिजन वन कार्यालय, सुस्ता | चितवन राष्ट्रिय निकुञ्ज |
| ४० | डिभिजन वन कार्यालय, रुपन्देही | |
| ४१ | डिभिजन वन कार्यालय, धादिङ्ग | |
| ४२ | डिभिजन वन कार्यालय, गोरखा | मनास्लु राष्ट्रिय निकुञ्ज |
| ४३ | डिभिजन वन कार्यालय, तनहुँ | |
| ४४ | डिभिजन वन कार्यालय, स्याङ्गजा | |
| ४५ | डिभिजन वन कार्यालय, लमजुङ्ग | अन्नपूर्ण संरक्षण क्षेत्र |
| ४६ | डिभिजन वन कार्यालय, मुस्ताङ | |
| ४७ | डिभिजन वन कार्यालय, मनाङ | |
| ४८ | डिभिजन वन कार्यालय, कास्की | |
| ४९ | डिभिजन वन कार्यालय, पर्वत | ढोरपाटन शिकार आरक्ष |

| | | |
|---|---|---|
| ५० | डिभिजन वन कार्यालय, बागलुङ्ग | |
| ५१ | डिभिजन वन कार्यालय, म्याग्दी | |
| ५२ | डिभिजन वन कार्यालय, कपिलवस्तु | |
| ५३ | डिभिजन वन कार्यालय, गौतमबुद्ध | बाँके राष्ट्रिय निकुञ्ज |
| ५४ | डिभिजन वन कार्यालय, पाल्पा | |
| ५५ | डिभिजन वन कार्यालय, अर्घाखाँची | |
| ५६ | डिभिजन वन कार्यालय, गुल्मी | |
| ५७ | डिभिजन वन कार्यालय, दाङ | |
| ५८ | डिभिजन वन कार्यालय, देउखुरी | |
| ५९ | डिभिजन वन कार्यालय, प्युठान | |
| ६० | डिभिजन वन कार्यालय, रोल्पा | |
| ६१ | डिभिजन वन कार्यालय, सल्यान | |
| ६२ | डिभिजन वन कार्यालय, रुकुम पूर्व | |
| ६३ | डिभिजन वन कार्यालय, रुकुम पश्चिम | |
| ६४ | डिभिजन वन कार्यालय, कालिकोट | |
| ६५ | डिभिजन वन कार्यालय, हुम्ला | |
| ६६ | डिभिजन वन कार्यालय, बाँके | |
| ६७ | डिभिजन वन कार्यालय, भेरी | |
| ६८ | डिभिजन वन कार्यालय, सुर्खेत | |
| ६९ | डिभिजन वन कार्यालय, दैलेख | |
| ७० | डिभिजन वन कार्यालय, जाजरकोट | |
| ७१ | डिभिजन वन कार्यालय, डोल्पा | शे फोक्सुन्डो राष्ट्रिय निकुञ्ज |
| ७२ | डिभिजन वन कार्यालय, मुगु | रारा राष्ट्रिय निकुञ्ज |
| ७३ | डिभिजन वन कार्यालय, जुम्ला | |
| ७४ | डिभिजन वन कार्यालय, डोटी | खप्तड राष्ट्रिय निकुञ्ज |
| ७५ | डिभिजन वन कार्यालय, बाजुरा | |
| ७६ | डिभिजन वन कार्यालय, बझाङ | |

| | | |
|---|---|---|
| ७७ | डिभिजन वन कार्यालय, दार्चुला | अपिनाम्पा संरक्षण क्षेत्र |
| ७८ | डिभिजन वन कार्यालय, बर्दिया | बर्दिया राष्ट्रिय निकुञ्ज |
| ७९ | डिभिजन वन कार्यालय, कञ्चनपुर | शुक्लफाँटा राष्ट्रिय निकुञ्ज |
| ८० | डिभिजन वन कार्यालय, पहलमानपुर | |
| ८१ | डिभिजन वन कार्यालय, कैलाली | |
| ८२ | डिभिजन वन कार्यालय, बैतडी | |
| ८३ | डिभिजन वन कार्यालय, डडेलधुरा | |
| ८४ | डिभिजन वन कार्यालय, अछाम | |